कर्मचारी

१. श्री ध्रुवदास श्रेष्ठ विविध सेवाबाट नेपाल इन्जिनियरिङ सेवा, सिभिल एभिएशन अपरेशन तथा इन्जिनियरिङ समूह, सिभिल एभिएशन अपरेशन उप-समूहमा ।

२. श्री श्रीधर जोशी " " "

३. श्री अच्युतबीर मालाकार " " "

४. श्री ज्योतीरत्न ताम्राकार " नेपाल इन्जिनियरिङ सेवा, सिभिल एभिएशन अपरेशन तथा इन्जिनियरिङ समूह, एभिएशन टेलिकम्युनिकेशन मेन्टिनेन्स उप-समूहमा ।

५. श्री बिनोदानन्द चौधरी " " "

## सूचना २

श्री ५ को सरकारले मिति २०४८।६।११ को निर्णयानुसार हवाई विभागका राजपत्रांकित तृतीय श्रेणी (प्रा.) श्री श्यामप्रसाद श्रेष्ठलाई मिति २०३५।६।१६ देखि नै लागू हुने गरी विविध सेवाबाट नेपाल इन्जिनियरिङ सेवा, इलेक्ट्रोनिक्स तथा टेलिकम्युनिकेशन इन्जिनियरिङ समूहमा परिवर्तन गरेको छ ।

आज्ञाले,
मोहनराज शर्मा
श्री ५ को सरकारको सचिव

## सूचना ३

श्री ५ को सरकारले मिति २०४८।४।१२ को निर्णयानुसार सुर्खेत हवाई कार्यालयका अपरेशन अफिसर (रा. प. तृतीय श्रेणी, प्राविधिक) श्री धर्मपालप्रसाद रमणलाई निजामती सेवा नियमावली,२०२१ को नियम १०.६ (५) अनुसार आफ्नो पदको जिम्मेवारी अनुसारको आचरण नगरेको हुँदा निजलाई सोही नियमावलीको नियम १०.१ (५) बमोजिम भविष्यमा सरकारी नोकरीको निमित्त अयोग्य नठहरिने गरी नोकरीबाट हटाइएको छ ।

आज्ञाले,
तुल्सीकुमार कर्माचार्य
उपसचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२६८

श्री ५ को सरकार

## आपूर्ति मन्त्रालयको सूचना

खण्ड ४१ मिति २०४८।३।३ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना अनुसार गठित "मूल्य निर्धारण सल्लाहकार समिति" को संयोजकमा श्री ५ को सरकारले आपूर्ति मन्त्रालयको अतिरिक्त सचिवलाई तोकेको छ ।

आज्ञाले,
रामचन्द्र पौडेल
श्री ५ को सरकारको सचिव



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।